नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बाँके, नेपालगंज

आज मिति २०७६।१२।२३ गतेका दिन प्रमुख जिल्ला अधिकारी श्री कुमार बहादुर खड्काको अध्यक्षतामा जिल्ला प्रशासन कार्यालय, बाँकेमा Crisis Management Center का पदाधिकारीहरुको उपस्थितिमा बैठक बसी देहाय अनुसार निर्णय गरियो ।

**उपस्थिती**

| | | |
|---|---|---|
| प्रमुख जिल्ला अधिकारी श्री कुमार बहादुर खड्का | जिल्ला प्रशासन कार्यालय बाँके | - अध्यक्ष |
| जिल्ला समन्वय अधिकारी श्री वीरेन्द्र देव भारती | जिल्ला समन्वय समितिको कार्यालय, बाँके | -सदस्य |
| प्रमुख सेनानी(गणपति) श्री नकुल थापा | भैरव प्रसाद गण | सदस्य |
| प्रहरी उपरीक्षक श्री बीर बहादुर ओली | जिल्ला प्रहरी कार्यालय, बाँके | सदस्य |
| स.प्र..उ. श्री दीपक अधिकारी | स.प्र. बल नेपाल, गण हे.क्वा.नं ३० | सदस्य |
| उप-अनु.निर्देशक श्री कमल प्रसाद भट्टराई | रा.अ.जि.का. बाँके | सदस्य |
| स.प्र.जि.अ. श्री दीर्घराज उपाध्याय | जिल्ला प्रशासन कार्यालय, बाँके | सदस्य |
| मे.सु. श्री प्रकाश थापा | भेरी अस्पताल, नेपालगंज | सदस्य |

**सल्लाहकार :**

श्री अजय कुमार श्रीवास्तव संयोजक जिल्ला समन्वय समितिको कार्यालय, बाँके

**आमन्त्रित:**

श्री चेत बहादुर घर्ती सदस्य जिल्ला समन्वय समितिको कार्यालय, बाँके ।

**निर्णय नं. १** ) COVID-19 को रोकथाम, नियन्त्रण र उपचारका लागि जिल्ला स्तरीय संरचनाको कार्यादेश बमोजिमका कार्यहरु सम्बन्धित सबै निकायहरुले प्रभावकारी रुपमा सम्पादन गर्ने ।

**निर्णय नं २**) स्थानिय तहमा विगत १४ दिन यता भारत वा तेस्रो मुलुकबाट आएका व्यक्तिहरुको वडागत बिवरण, राहत प्राप्त गर्ने व्यक्तिहरुको संख्या र परिमाण लगायतका बिवरणहरु पठाउन स्थानीय तहले संम्पर्क व्यक्ति तोकी निजले दैनिक रुपमा जिल्ला प्रशासन कार्यालय, बाँकेको इमेल ठेगाना deocbanke@gmail.com मा पठाउने ।

**निर्णय नं ३**) देशभर जारी रहेको Lock Down लाई यस जिल्लामा पनि प्रभावकारी बनाउन सबै वडा तहमा वडाध्यक्षको नेतृत्वमा व्यापक प्रचारप्रसार गर्ने, गराउने ।

**निर्णय नं ४**)प्रत्येक स्थानीय तहका वडाहरुमा Patient Receiving Team (PRT) गठन गरी बिरामीहरुलाई अस्पतालसम्म पुऱ्याउने व्यवस्था गर्ने ।

**निर्णय नं ५**) हरेक पालिकाका एम्बुलेन्सहरु उक्त पालिकाको स्वास्थ्य शाखामा तयारी अवस्थामा राख्ने र अन्य एम्बुलेन्सहरु आवश्यक परेका बखत स्वास्थ्य कार्यालय, बाँकेले तत्काल परिचालन गर्ने गरी भेरी अस्पताल अगाडी Stand by राख्ने ।

**निर्णय न ६**) बाँकेमा रहेका प्रमुख सब्जीमण्डीमा हुने भिडलाई नियन्त्रण गर्न स्थानीय वडाहरुमा बिक्रि वितरण गर्न आवश्यक पर्ने टोकन सहितका ठेलाको व्यवस्था गरी दिनको ३ बजेभित्र सब्जीमण्डीबाट उठाई सक्ने र बिक्रि वितरण गर्दा ठेलामा मुल्यसूची समेत राखी विक्रि वितरण गर्ने व्यवस्था सबै स्थानीय तहले गर्ने ।